नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १५४ २०८० साल माघ ४ गते बिहीबार (18 Jan. 2024 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : आवश्यकता र योगदानमा... ३ पृष्ठमा : धनुषास्थित भारतीय सीमाक्षेत्रका ... ३ पृष्ठमा यूरोपमा श्वासप्रश्वाससम्बन्धी...

# ग्लोबल सहकारीबाट ११ करोड भन्दा बढी रकम फिर्ता माग्दै बचतकर्ताहरुद्वारा प्रर्दशन






**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

राजविराजस्थित ग्लोबल बहुमुखी सहकारी संस्था लि. बाट बचतकर्ताहरुले ११ करोड भन्दा बढी रकम फिर्ता गर्न माग गर्दै बुधबार प्रदर्शन गरेका छन् ।

संस्थाका तत्कालिन अध्यक्ष सुखराम यादव र कार्यक्रम प्रवर्द्धक पंकज पोखरेलको हेलचक्रयाईले सहकारी संस्थासंगै बचतकर्ताको रकम समेत डुबाएको भन्दै उनीहरु प्रदर्शनमा उत्रेका हुन् ।

बचतकर्ताहरुले करिब ११ करोड ८५ लाख रुपैया फिर्ता गर्नु पर्ने मागसहित स्थानीय रंगशालामा जम्मा भई "कि त मारी दे, कि त हाम्रो समस्या टारि दे, सहकारी पीडितलाई न्याय दे" लगायतका प्ले कार्ड बोकी नाराबाजी गर्दै महिला बचतकर्ताको उल्लेख्यनीय सहभागितामा निस्केको जुलुस नगरपरिक्रमा पश्चात सोही स्थानमा पुगी विरोध सभामा परिणत भएको थियो ।

२६ हजार भन्दा बढी बचतकर्ताको जीवनभरको कमाई डुबेकाले बाध्य भई आन्दोलन गर्नु परेको बतचकर्ताहरुको गुनासो छ । सहकारीका तत्कालिन अध्यक्ष सुखराम यादव र प्रवर्द्धक पंकज पोखरेलले आफुहरुको रकम अपचलन गरेको उनीहरुको भनाई छ ।

बचतकर्ता मध्येका केही पालिकाहरुमा स्वास्थ्य चौकीमा खटिएका आमा समूहका स्वंयसेवीकाहरु पनि छन् । उनीहरुले तत्कालिन जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख विजय झाले सोही सहकारीमा बचत गर्न दबाव दिएको भन्दै उनलाई पनि कारवाहीको दायरामा ल्याउनु पर्ने माग गरेका छन् ।

तत्कालिन अध्यक्ष यादव र प्रवर्द्धक पोखरेल सम्पर्क विहिन भएकाले उनीहरु विरुद्ध प्रहरीमा ठगी मुद्दा चलाउन निवेदन समेत दिइ सकिएको बचतकर्ता मध्येकी सीता देवी विश्वकर्माले बताईन । उनीहरुले संस्थाको रकम अपचलन, हिनामिना तथा ठगी गरेको निवेदनमा उल्लेख गरेका छन् ।

अर्का पीडित बनिोद यादवले संस्थामा दुई कठ्ा जग्गा राखेर १७ लाख रुँपैया माग गरेको तर आफूले नपाएको बताउँदै पछि बुझ्दा ग्लोबल सहकारीले आफूले माग गरेको १७ लाख रुँपैया राष्ट्रिय सहकारी बैंक मार्फत उठाइसकेको बताए ।

सोही बिरोध सभाबाट आन्दोलनका थप कार्यक्रम समेत घोषणा गरिएको छ । जसअनुसार आगामी माघ १४ गते जिल्ला स्वास्थ्य कार्यालयमा तालाबन्दी तथा माघ १५ गते जिल्लाका सबै स्वास्थ्य चौकीमा तालाबन्दी गरी कामकाज ठप्प पार्ने कार्यक्रम तय गरिएको बचतकर्ता पीडित संर्घष समितिले जनाएको छ ।

संस्थाले भने बचतकर्ताको रकम अनियमितता नगरेको दाबी गर्दै लगानी गरिएको रकम ऋणीहरुबाट समय मै फिर्ता नआउदा भुक्तानी दिन समस्या भएको जनाउदै आएको छ ।

यता सहकारीबाट ठगिएको भनी पीडितहरु धमाधम सम्पर्कमा आउन थालेपछि आवश्यक अनुसन्धान भईरहेको प्रहरीको भनाई छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सहकारीबाट ठगिएको भनी पीडितहरु निवेदन लिएर आएको तथा सो बारे सुक्ष्म अनुसन्धान भईरहेको बताए ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारण:**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, झानेको तथा फाष्ट फूड एवं जंकफूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं । स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सुर्तीजन्य पदार्थ सेवनकर्ता बढ्दै, निकाय निरिह

“सूर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक हो” भन्ने सरकारी नारा नारामै सीमित भएको छ । नेपालमा सूर्तीजन्य पदार्थको प्रयोगकर्ताको दिनप्रतिदिन बढ्दै गएको छ । यो सरकारी नाराको वेवास्ता गर्दै यसको प्रयोगकर्ता बढ्नुमा सरकारी निकायको निरिहपन हो । अहिले सबै वर्गका मानिसहरु यसको कुलतमा लागेका छन् । जसमध्ये युवावर्ग सूर्तीजन्य पदार्थको सेवनको दायरा भित्र अत्यधिक छन् ।

सूर्तीजन्य पदार्थ सेवनबाट विभिन्न खाले भयावह रोग लाग्ने र अन्तः मृत्युवरण गर्नुपर्ने बाध्यता रहे पनि यसको प्रयोगकर्ताहरुमा कमी भने आउन सकेको छैन । विद्यालयका कलिला छात्रहरु पनि सूर्तीजन्य पदार्थको प्रयोगकर्ता हुनु हाम्रा लागि चिन्ताको विषय हो । यसका लागि सरकारी तथा गैरसरकारी तवरबाट अनेकन प्रयासहरु नभएका होइनन् । तर, यसको प्रयोगमा कमी भने आउन सकेको छैन । कतिपय विज्ञहरुले सूर्तीजन्य पदार्थमा धेरै मात्रामा कर वृद्धि गरियो भने यसको सेवनमा कमी आउँछ । तर, समस्याको समाधान यसले मात्र गर्न भने सक्दैन । हाम्रो मुलुकमा सूर्तीजन्य पदार्थहरु सामान्यजनको पहुँचमा छ । सरकारले कानुन बनाए पनि हरेक उमेर समूहका व्यक्तिले सहज रुपमा सूर्तीजन्य पदार्थ किन्न सक्दछन् । सूर्तीजन्य पदार्थ, चुरोट, विडी, खैनी, गुटखा आदि रुपहरुमा बजारमा प्रसस्तै पाइने गरेको छ । अहिले सूर्तीजन्य पदार्थ सेवन नसर्ने रोग अन्तर्गत गम्भीर रोगका रुपमा बिकासित हुँदै गएको छ। हाम्रो जस्तो गरीब मुलुकका जनताको कमाईको ठुलो हिस्सा सूर्तीजन्य पदार्थको खरीद र सेवनमा तथा यसका कारण गम्भीर प्रकृतिका रोग लागेपछि औषधि उपचारमा खर्च भइरहेको छ ।

तसर्थ तीनै तहका सरकारहरुले सूर्तीजन्य पदार्थमाथी कडाई गरेर बिक्री वितरणको समेत मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ । होइन भने युवा तथा बालबालिकाको संख्या सूर्तीजन्य पदार्थको कुलतमा अझै बढ्न सक्छन् ।

# आवश्यकता र योगदानमा आधारित सामाजिक सुरक्षा नीति

काठमाडौँ, ३ माघ (रासस) ।

वार्षिक बजेटको ठूलो अंश सामाजिक सुरक्षामा खर्च हुन थालेपछि अधिकारभन्दा आवश्यकतामा आधारित सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले अबलम्बन गरेको छ । सरकारको आर्थिक स्रोत अपेक्षित रूपमा बढ्न नसक्ने तर दायित्व भने वर्षेनी थपिँदै जाने अवस्थामा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा लागु गर्ने नीति सरकारले लिएको हो ।

गत मङ्सिर २१ गतेको मन्त्रिपरिषद् बैठकले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गरेको थियो । सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्ने, तीन तहका सरकारको जिम्मेवारी बाँडफाँट गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकतामा राख्नेलगायत विषयलाई समेटेर यो संरचना ल्याइएको राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयालले जानकारी दिनुभयो ।

“हाम्रो कूल गार्हस्थ्य उत्पादन, बजेट आकार, जनसङ्ख्याको वृद्धिदरको तुलनामा सामाजिक सुरक्षामा भइरहेको खर्चको वृद्धिदर निकै बढेको छ । यसलाई व्यवस्थित नगर्ने हो भने राज्यलाई धेरै ठूलो दायित्व सिर्जना भएर समस्या हुने देखिन्छ”, फुयालले रासससँग भन्नुभयो, “अधिकारमा आधारित सामाजिक सुरक्षालाईभन्दा आवश्यकतामा आधारितलाई बढी प्राथमिकता दिने र योगदानमा आधारित बनाउँदै लैजान यो नीति तयार पारिएको हो ।”

विभिन्न तहका सरकार र निकायबाट कार्यान्वयन भइरहेका सामाजिक सुरक्षा कार्यक्रमको दोहोरोपन हटाउने, ‘एप्स’ बनाएर एकीकृत तथ्याङ्क प्रणाली तयार पार्ने, राष्ट्रिय परिचयपत्रका आधारमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्नेलगायत विषय समेटेर यो संरचना तयार पारिएको उहाँको भनाइ छ । कुन तहका सरकार र निकायबाट कति रकम सामाजिक सुरक्षामा गइरहेको छ भनेर नक्साङ्कन गरिएको फुयालले बताउनुभयो ।

सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवा सुविधामा दोहोरोपन हुनका साथै सञ्चालन खर्च वर्षेनी बढिरहेको छ । हाल सङ्घीय सरकारका १४ वटा मन्त्रालय र प्रदेश तथा स्थानीय तह गरी विभिन्न १९ कार्यक्रमअर्न्तगत ८७ वटा ‘स्किम’मा सामाजिक सुरक्षा र संरक्षण उपलब्ध भइरहेका छन् । एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाले सङ्घ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीभित्र पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको विभाजनसमेत गरेको छ ।

भविष्यमा सञ्चालन गरिने सबै प्रकारका सामाजिक सुरक्षा भत्ता र सहयोग कार्यक्रमलाई अधिकारमा आधारित, आवश्यकतामा आधारित, बहुक्षेत्रगत सम्बन्ध तथा समन्वय र योगदानमा आधारित गरी चार प्रकारमा विभाजित गर्न लागिएको छ । अधिकारमा आधारित स्वास्थ्य, शिक्षा, आवासलगायतका कार्यक्रममध्ये निःशर्त नगद हस्तान्तरणका काम सङ्घ सरकारबाट कार्यान्वयन गरिनेछ । त्यस्तै सामाजिक सुरक्षा कार्यक्रमको दोहोरोपन हटाउन एकीकृत सूचना तथा व्यवस्थापन प्रणाली अनिवार्य रूपमा लागु गर्ने र योगदानरहित स्किमलाई योगदानमा आधारित उपायमा परिणत गर्ने नीति सरकारले लिएको छ ।

सामाजिक सुरक्षा कार्यक्रममा तीन तहका सरकारबीच देखिएको दोहोरोपना हटाउन सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने आवश्यकता एकीकृत संरचनाले औँल्याएको छ । सबै निकाय तथा तहगत सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई अब एकल प्रणालीमा आवद्ध गरिनेछ । त्यसैगरी, सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकल परिचय नम्बरका आधारमा सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले लिएको छ । सामाजिक सुरक्षाका हरेक कार्यक्रमको अलग-अलग सङ्केतका आधारमा बजेट व्यवस्थापन गर्ने नीति लिइने पनि एकीकृत संरचनामा उल्लेख छ । सामाजिक सुरक्षा कार्यक्रमका लागि अहिले छुट्टै बजेट सङ्केत नम्बर (कोड) तयार पारिएको पनि आयोगका सदस्य फुयालले जानकारी दिनुभयो ।

अहिले आर्थिक अवस्था राम्रो भएका र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन आवश्यक नभएका व्यक्तिले पनि त्यस्तो सुविधा पाइरहेको तर आर्थिक रूपमा कमजोर, सीमान्तकृत वर्ग तथा पाउनैपर्ने व्यक्ति वञ्चितीकरणमा परेको भनेर आलोचना भइरहेको छ । यो समस्या समाधानका लागि गरिबी तथा जोखिममा रहेका व्यक्ति, परिवार तथा समुदायको आवश्यकता पूरा गर्न सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ । सामाजिक सुरक्षा र संरक्षणलाई जीवनयापन चक्रमा आइपर्ने गरिबी र जोखिम न्युनीकरणका लागि आवश्यक संरक्षणका उपायका रूपमा विकास गरिने जनाइएको छ ।

सहभागिता, अपनत्व तथा वित्तीय दिगोपनासहितको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई सरकारले बढी प्राथमिकता दिने एकीकृत संरचनामा उल्लेख छ । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा लाभग्राही स्वयम्को योदान, नेपाल सरकार वा तहगत सरकारबाट हुने योगदान, रोजगारदाताबाट हुने योगदान र तेस्रो पक्षीय योगदान रहनेछ । यसरी सामाजिक सुरक्षा कार्यक्रमलाई योगदानमा आधारित बनाउँदै लैजाँदा वित्तीय स्रोतको अभाव नहुने अपेक्षा गरिएको छ ।

त्यसैगरी, सामाजिक सुरक्षाको खर्च व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको कोष एकीकृत रूपमा परिचालन गर्ने, निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रको समेत सहभागिता अभिवृद्धि गर्नेलगायतका विधि अपाइने उल्लेख छ । नगदमा उपलब्ध गराइने सामाजिक सुरक्षाको भुक्तानीमा समेत निश्चित प्रतिशत सामाजिक सुरक्षा कर लगाइनुपर्ने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ ।

हाल कार्यान्वयनमा रहेको पन्ध्रौं पञ्चवर्षिय आवधिक योजनामा सामाजिक सुरक्षाको रकम वार्षिक बजेटको १३ दशमलव सात प्रतिशतभन्दा माथि नपुऱ्याउने भनिएकोमा चालु आर्थिक वर्षमा कुल बजेटको १४ दशमलव आठ प्रतिशत रकम सामाजिक सुरक्षाभत्ताका लागि खर्च भएको छ । वर्षेनी दायित्व बढ्दै गएपनि वित्तीय स्रोत अभाव मुख्य समस्या हो । अहिले करिब पुँजीगत खर्चकै हाराहारीमा सामाजिक सुरक्षा शीर्षकमा खर्च भइरहेको छ ।

नेपालमा सामाजिक सुरक्षाबाट ३२ प्रतिशत भन्दा बढी जनसंख्या लाभान्वित भइरहेको छ । सामाजिक सुरक्षामा क्रमशः बढ्दै गएको खर्च दायित्वका कारण यस्ता कार्यक्रमको विस्तार र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय बजेटको १४ दशमलव ८ प्रतिशत बजेट छुट्याइएको छ । चालु आर्थिक वर्षका लागि सरकारले रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याउँदा सामाजिक सुरक्षामा रु दुई खर्ब ५८ अर्ब ७९ करोड १९ बराबर छुट्याइएको छ ।

पछिल्लो पाँच वर्ष अवधिमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सङ्ख्या करिब दश लाखले बढेको छ । नागरिकको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले गैर योगदानमुलक कार्यक्रमका रूपमा सञ्चालन गर्दै आएको सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको सङ्ख्या बढ्दो क्रममा देखिएको हो ।

# ‘तराईमा गरेको विपद्को पूर्वतयारी हिमालमा लागू हुन्न’

काठमाडौँ, ३ माघ (रासस) ।

नेपालको भौगोलिक अवस्थाका कारण एक ठाउँका लागि गरिएको विपद् व्यवस्थापनको पूर्वतयारी अर्को स्थानमा नमिल्ने भएकाले फरक-फरक क्षेत्रअनुसारको तयारी आवश्यक देखिएको छ ।

गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तराईका लागि गरिएको पूर्वतयारी पहाड तथा हिमालका लागि नमिल्ने र हिमालमा गरिएको तयारी तराई तथा पहाडी क्षेत्रमा नमिल्ने भएकाले भौगोलिक अवस्था र क्षेत्रअनुसारको तयारी गर्नुपर्ने आवश्यकता देखिएको जनाएको छ ।

अहिले जाजरकोट भूकम्पबाट प्रभावितको अवस्था हेर्ने हो भने तराई तथा पहाडमा यसअघिका विपद्मा प्रयोग भएका त्रिपालले राम्रो काम नगरेको भन्दै अत्याधिक चिसोका कारण सोही अनुसारको राहत सामग्री र आवास जरुरी रहेको महसुस गरिएकाले कार्यविधि परिवर्तन गरेर भौगोलिक अवस्था अनुसार विपद्को तयारी गर्न लागिएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बताउनुभयो । काम गर्दै जाँदा धेरै नयाँ कुरा सिक्ने अवसर पाइएको भन्दै क्षेत्र अनुसार विपद्को तयारी गर्नुपर्ने देखिएकाले प्राधिकरण कार्यविधि परिमार्जन गर्नेतर्फ लागेको उहाँले बताउनुभयो ।

“चिसो क्षेत्रमा त्यसलाई थेग्ने गरी नै तयारी गर्नुपर्छ भने गर्मी क्षेत्रमा सोही अनुसारका विपद् व्यवस्थापन जरुरी छ । त्यसका लागि आवश्यक गृहकार्य सुरु भइसकेको छ”, पोखरेलले भन्नुभयो, “भौगोलिक क्षेत्र अनुसार तयार पारिएका राहत सामग्री व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्राधिकरण अब सोहीअनुसार काम गर्ने तयारीमा जुटेको छ ।” उहाँले विपद् व्यवस्थापनमा पालिकाको जिम्मेवारी धेरै रहेकाले पालिकाले अझै सक्रियता देखाउनुपर्नेमा जोड दिनुभयो ।

यसपाली जाजरकोट भूकम्पमा परेकालाई भौगोलिक क्षेत्र अनुसारको राहत सामग्री नहुँदा चिसोका कारण धेरैले ज्यान गुमाएका छन् । सामान्य पहाड तथा तराईमा प्रयोग हुने त्रिपाल सुरुवाती चरणमा राहतस्वरुप जाजरकोट भूकम्पमा पुगेका थिए । ती त्रिपालले चिसो थेग्न नसक्दा सुत्केरी, महिला, बालबालिका र बुढाबुढी प्रभावित भएका थिए । त्रिपालबाट पानी चुहिएर बिहान सबै सामान भिज्ने गरेको पीडतहरूले अनुभव सुनाएका थिए । सोही कारण प्राधिकरणले क्षेत्र अनुसारका राहत सामग्री व्यवस्थापन गर्नुपर्ने निष्कर्षका साथ कर्याविधि परिमार्जन गर्न लागेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# धनुषास्थित भारतीय सीमाक्षेत्रका पुल निर्माणमा भइरहेका अवरोध हटाउन छलफल

जनकपुरधाम, ३ माघ (रासस)।

धनुषास्थित भारतीय सीमाक्षेत्रका पुलको विवाद समाधानका लागि छलफल भएको छ। नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधि र भारतको बिहार मुज्जफरपुरका लोकसभा सदस्य एवं भारतीय जनता पार्टीका नेता अजय निषादबीच भारतको मुज्जफरपुरमा मङ्गलबार छलफल भएको हो।

छलफलका क्रममा नेता निधिले धनुषाको नगराइन नगरपालिका र मुखियापट्टी मुसहरनिया पाउँपालिकासँग जोडिएका भारतीय सीमावर्ती क्षेत्रका पुल निर्माणका लागि अवरोध हटाउन भारतीय पक्षलाई आग्रह गरिए पनि सुनुवाइ नभएकाले उच्चस्तरमै छलफल हुनुपर्ने अवस्था आएको बताउनुभयो।

उहाँले दुवै देशका जनतालाई आवातजावतमा सहजताका लागि दुवैतर्फ सडक बने पनि वर्षौंदेखि पुल निर्माण हुननसकेकाले यो विषय जनप्रतिनिधिको चासोको विषय बन्नुपर्छ भन्नुभयो। "दश वर्षअघि म भौतिक पूर्वाधारमन्त्री भएका बेला यहाँ सीमाक्षेत्रमा चारवटा पुल निर्माणका लागि शिलान्यास गरिएका थिए। केही काम भएको छ। तर एसएसबीले 'नो म्यान्स ल्याड'मा संरचना बन्न नदिने माथिको निर्देशन भन्दै अवरोध गरिरहेको छ", नेता निधिले भन्नुभयो, "यसरी अवरोध गर्ने हो भने त नेपाल-भारत सीमाक्षेत्रका कुनै पनि पुल बन्ने अवस्था रहँदैन र बाँकी पुल किन र कसरी बने भन्ने प्रश्न आउँछ। 'नो म्यान्स ल्याड'मा पुल नबने दुई देशका जनतालाई कसरी जोड्ने ? त्यसैले दुवैतर्फ सडक बन्ने तर पुल नबन्ने अवस्थाले सीमाक्षेत्रमा बसोबास गर्ने दुवै देशका जनता समस्यामा छन्। यो अवरोध हटाउन भारतीय जनता पार्टीको नेता र सांसदका हैसियतले तपाईं ( निषाद)ले पनि पहल गर्नुपर्छ।" नेता निधिले आफूहरू नेपालको मात्र नभई सीमावर्ती भारतीय जनताको भावना पनि सुनाउन आएको बताउनुभएको थियो।

छलफलमा भारतीय जनता पार्टीका नेता एवं सांसद निषादले पुल निर्माणमा भारतीय पक्षबाट भएको अवरोध समाधानका लागि आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले आफ्नो पार्टी नेतृत्वको केन्द्रीय सरकारका गृहमन्त्री अमित साहमार्फत सीमा सुरक्षा बल ( एसएसबी)का अधिकारीसँग कुरा गरेर समस्या समाधान गर्ने जानकारी दिनुभयो।

"नेपाल भारतको सम्बन्ध र दुवै देशका नागरिकलाई जोड्नका सीमा वा पुल अवरोध बन्नु हुँदैन। तर पनि केही समस्या छन्। निधिजीले भनेको पुलका समस्याबारे भारततर्फका अधिकारी र पत्रकारसँग पनि बुझेको छु", सांसद निषादले भन्नुभयो, "यो गृह मन्त्रालयसँग सम्बन्धित विषय भएकाले म हाम्रो पार्टीका नेता एवं गृहमन्त्री अमित साहजीसँग व्यक्तिगरूपमै कुरा गर्छु। पुलको विषय धेरै ठूलो समस्या होजस्तो लाग्दैन। समाधानको पहल हुन्छ।"

नेता निधिसँगै नेपालबाट नगराइन नगरपालिका प्रमुख विनयकुमार यादव, मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादव, सडक डिभिजन कार्यालय जनकपुधामका प्रमुख सिनियर डिभिजनल इन्जिनियर अरुणकुमार लाल कर्णलगायत प्राविधिक तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो।

यहाँ नेपालको जटही र भारतको पिपरौन जोड्ने मुख्य जमुनी नदी राजघाटको पुललाई छ लेन सडकअनुसार स्तरोन्नति, नगराइन -६ लगमालाई भारतको लहरनियासँग जोड्ने झोलुङ्गे पुल, मुखियापट्टी मुसहरनिया गाउँपालिका-२ स्थित जमुनी नदीको अखरहैर घाट र सोही पालिकाको वडा नं ५ बैरियाटोलस्थित थल्हीघाटस्थित निर्माणाधीन पुलमा भारतीय सुरक्षा बलबाट अवरोध भइरहेको जनगुनासो छ।

डिभिजन सडक कार्यालय जनकपुरका प्रमुख इन्जिनियर कर्णले उल्लेखित चारवटै पुल निर्माणका लागि आधाभन्दा बढी काम भइसके पनि पुलले आफ्नो भूमि छोएको भन्दै भारतीय पक्षले अवरोध गरेका कारण समस्या भएको बताउनुभयो। अब उच्चस्तरबाट पहल भएमा मात्रै पुलको अवरोध हट्नसक्ने उहाँको भनाइ छ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### यूरोपमा श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण बढ्दो : डब्ल्यूएचओ

कोपेनहेगन, ३ माघ (रासस/सिन्ह्वा)।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का एक प्रमुख अधिकारीले यूरोपमा श्वासप्रश्वाससम्बन्धी रोगका बढ्दो घटनालाई मध्यनजर गर्दै सतर्कता अपनाउन आग्रह गर्नुभएको छ।

डब्ल्यूएचओका यूरोप क्षेत्रीय निर्देशक हान्स हेनरी पी क्लुजले कोपनहेगनमा आयोजित पत्रकार सम्मेलनमा इन्फ्लुएन्जाको सङ्क्रमण र अस्पताल भर्ना हुनेको सङ्ख्यामा वृद्धि भएको उल्लेख गर्दै आगामी हप्ताहरूमा सम्भावित वृद्धिको सामनाका लागि तयारी गर्न अस्पताल तथा स्वास्थ्य केन्द्रसहित सम्वद्ध सङ्घसंस्थालाई आग्रह गर्नुभयो।

'नेसनल इन्स्टिच्युट फर पब्लिक हेल्थ एन्ड द इन्भाइरोमेन्ट ( आरआईभीएम)' का अनुसार नेदरल्याण्ड्सले अहिले श्वासप्रश्वाससम्बन्धी सङ्क्रमणमा भइरहेको वृद्धिलाई कम गर्न सम्भावित प्रयासहरूलाई अगाडि बढाएको छ। इन्फ्लुएन्जा भाइरस र कोरोना भाइरसलगायत चिसोबाट हुने विभिन्न सङ्क्रमणहरू अहिले नेदरल्याण्ड्सको जनसङ्ख्यामा 'सामान्य' भएको आरआईभीएमले जनवरी १० सम्मको आफ्नो पछिल्लो अपडेटमा जनाएको छ। आरआईभीएमले चिसोजन्य समस्याका कारण सङ्क्रमण भएकोजस्ता लक्षण देखिएका व्यक्तिको सङ्ख्या बढ्दो क्रममा रहेको बताएको छ।

दुई हप्ता पहिले प्रति एक लाखमा २७ जनाले चिसोजन्य सङ्क्रमणको गुनासो लिई चिकित्सकीय सेवाका लागि अस्पताल वा स्वास्थ्य केन्द्रमा अनुरोध गरेकोमा गत हप्ता प्रति एक लाखमध्ये ४४ मा यो समस्या देखिएको रिपोर्टमा उल्लेख छ। आरआईभीएमका अनुसार हालैको तथ्याङ्कले इन्फ्लुएन्जा भाइरसको घटनामा पनि वृद्धि भएको देखाएको छ। तथ्याङ्कमा फ्लुजस्ता लक्षण देखिएका व्यक्तिहरूको लगभग ३५ प्रतिशत नमूनाहरूमा सङ्क्रमणका कारण श्वासप्रश्वाससम्बन्धी समस्या देखिएको थियो। अघिल्लो हप्ता यो दर १३ प्रतिशत रहेको थियो।

इटालीका स्वास्थ्यकर्मीहरूले गत शुक्रबार इटालीमा कम्तीमा १५ वर्षयताकै सबैभन्दा खराब फ्लु लहरका कारण अस्पतालहरू चर्को दबाबमा रहेको बताएका छन्। इटालियन फेडेरेसन अफ हेल्थ अथोरिटीज एन्ड हस्पिटल्स (एफआईएएसओ) का अनुसार गत साता आपतकालीन कक्षमा भर्ना हुनेको सङ्ख्या २० देखि ३० प्रतिशतले बढेको छ।

नयाँ वर्षको सुरुवातदेखि नै कोभिड-१९ र फ्लुको सङ्क्रमण तीव्र रूपमा बढेपछि स्पेन सरकारले जनवरी १० देखि अस्पताल र स्वास्थ्य केन्द्रहरूमा मास्कको अनिवार्य प्रयोगलाई पुनः लागू गरेको छ। स्पेनमा श्वासप्रश्वाससम्बन्धी रोगहरूमा तीव्र वृद्धि भएको छ र बासिन्दाहरूमा सङ्क्रमण दर प्रति एक लाखमा ९५२ भन्दा बढी पुगेको छ। स्वास्थ्यमन्त्री मोनिका गार्सियाले गत हप्ता 'चिसोजन्य सङ्क्रमण अत्यधिक भएको चेतावनी दिनुभएको थियो।

मङ्गलबार कोपनहेगनमा आयोजित पत्रकार सम्मेलनमा क्लुजले जोखिममा रहेको जनसङ्ख्यालाई कोभिड-१९ र इन्फ्लुएन्जाको खोपमा अद्यावधिक राख्नुपर्ने बताउनुभएको थियो। उहाँले सन् २०२० को डिसेम्बरमा कोभिड-१९ विरुद्धको खोप सार्वजनिक भएयताको महत्वपूर्ण सफलता मिलेको पनि बताउनुभयो।

"डब्ल्यूएचओ यूरोपको नेतृत्वमा गरिएको नयाँ अध्ययनले सुरक्षित र प्रभावकारी कोभिड-१९ खोपका कारण हाम्रो क्षेत्रमा कम्तीमा १४ लाख मानिसको ज्यान जोगिएको देखाएको छ," डब्ल्यूएचओका अर्का अधिकारीले भने। डब्ल्यूएचओको अध्ययनअनुसार ६० वर्षमाथिका व्यक्तिका लागि यो खोप प्रभावकारी देखिएको छ, खोपले ९० प्रतिशतभन्दा बढी ज्यान बचाएको छ। सन् २०२० को डिसेम्बरमा खोप प्रयोग सुरु भएयता डब्ल्यूएचओको यूरोपेली क्षेत्रमा कोभिड-१९ का कारण हुने मृत्युमा ५७ प्रतिशतले कमी आएको छ र पहिलो बुस्टर डोजले मात्र अनुमानित सात लाख मानिसको ज्यान जोगाएको छ।

यद्यपि, क्लुजले कोभिड-१९ जेएन-१ संस्करणको तीव्र फैलावटप्रति चिन्ता व्यक्त गर्नुभयो। क्लुजले भन्नुभयो, "गम्भीरता बढेको सङ्केत गर्ने प्रमाणको अभावका बावजुद, जेएन-१ संस्करणको अनिश्चितताको लागि निरन्तर निगरानीको आवश्यकता छ। "हाम्रो क्षेत्रका १३ देशले गत साता श्वासप्रश्वाससम्बन्धी भाइरससम्बन्धी कुनै तथ्यांक सार्वजनिक गरेका थिएनन्। 'उत्परिवर्तन होस् वा नयाँ भाइरस, श्वासप्रश्वाससम्बन्धी अप्रत्याशित जिबाणुको नियन्त्रणका लागि निगरानी हाम्रो पहिलो प्रतिरक्षा प्रणाली हो," उहाँले भन्नुभयो।

### दिल्लीमा कुहिरोका कारण हवाई तथा रेल सेवा प्रभावित

नयाँदिल्ली, ३ माघ (रासस/एएनआई)।

भारतको राजधानी नयाँदिल्लीमा लगातार चिसो र कुहिरोको कारण दृश्यतामा कमी आएकाले बुधवार बिहान हवाई तथा रेल सेवा प्रभावित भएको छ। दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय (आइजीआइ) विमानस्थलका लागि हुने १२० वटा उडानहरू प्रभावित भएको छ। कुहिरो र अन्य परिचालन समस्याहरूका कारण बुधबार ५३ वटा उडानहरू रद्द गरिएको घोषणा गरिएको थियो।

दिल्ली एयरपोर्ट फ्लाइट इन्फर्मेसन डिस्प्ले सिस्टम (एफआइडिएस) को तथ्याङ्कअनुसार १२० वटा प्रभावित उडानहरूमा ४४ वटा अन्तर्राष्ट्रिय ७६ वटा आन्तरिक लगायतका उडानहरु समावेश छन्। बुधबार बिहान आठ बजे सम्मको एफआइडिएसको तथ्याङ्क अनुसार एक सय २० वटा उडानहरु प्रवावित भएका थिए। यस बाहेक कुहिरो र अन्य परिचालन कारणहरूले गर्दा कुल ५३ वटा उडानहरू रद्द गरिएको छ। जसमा ३७ वटा आन्तरिक र १५ वटा अन्तर्राष्ट्रिय लगायतका उडानहरु समावेश छन्। यसैबीच, बुधबार दिल्ली जाने करिब २० वटा यात्रुबहाक रेलहरू निर्धारित समय भन्दा ढिलो मात्र सञ्चालन भएका थिए।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) को तथ्याङ्कअनुसार बुधबार बिहान ५:३० बजे पन्जाब, हरियाणा, दिल्ली, पश्चिम राजस्थान, पश्चिम र पूर्वी उत्तर प्रदेशसहित देशका विभिन्न भागमा दृश्यता दुई सय मिटरभन्दा कम रेकर्ड गरिएको थियो। आईएमडीका अनुसार बुधबार बिहान दिल्ली, पूर्वी राजस्थान, पूर्वी उत्तर प्रदेश, बिहार, पश्चिम बङ्गाल, अरुणाचल प्रदेश र असमका छुट्टिएका क्षेत्रहरूमा घना कुहिरो देखिएको थियो।

# चिसोबाट जोगिन अपाङ, वृद्धवृद्धा र एकल महिलालाई ब्ल्याङकेट वितरण



**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

सामाजिक कार्यमा अत्यन्त सक्रिय धर्मी हल्फा महिला विकास क्लव लालापट्टी सप्तरीले चिसोबाट जोगिन अपाङ, वृद्धवृद्धा र एकल महिलालाई ब्ल्यांकेट वितरण गरेको छ ।

जिल्लाको अग्निसाईर कृष्णासवरन गाउपालिका वडा नं २ नयाँ वस्ति चौफालका अपाङ, एकल महिला र वृद्धवृद्धाहरूलाई बुधबार ब्ल्यांकेट बितरण गरिएको संस्थाका अध्यक्ष समाजसेवी ई सूर्य नारायण यादवले जनाएका छन् ।

सो अवसरमा ईलाका प्रहरी कार्यालय महुलीको प्रहरी सहायक निरीक्षक मनीष ठाकुर, मावि सीतापुरका प्रअ दुर्गानन्द चौधरी, नेपाल तामाङ घेदुंग सप्तरीका अध्यक्ष समाजसेवी सूर्यमान तामाङ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ मधेश प्रदेशका महासचिव बृजमान तामांङ, मावि सीतापुरका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुशेश्वर चौधरी, सो गाउँपालिका वडा नं. २ का आदिवासी जनजाति महासंघ अध्यक्ष समाजसेवी भवानी चौधरी लगायतको उपस्थिति रहेको थियो ।

विगत एक दशकदेखी संस्थाले जिल्लाका गरिब, दलित, असहाय, विपन्न, महिला लगायतलाई आफ्नो तर्फबाट सहयोग प्रदान गर्दै आइरहेको छ । समाजसेवी ई. यादवले आफ्नो पहलमा अग्निपीडित परिवारलाई समेत राहत बितरण गर्दै आइरहेका छन् । उनी पीडितहरुको घरमै गएर राहत बितरण गर्न निकै सक्रिय छन् ।

# सहकारीका समस्या समाधान गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, ३ माघ (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सहकारीसम्बन्धी समस्या तत्काल समाधान गर्न सम्बन्धित मन्त्रालयसहितका निकायलाई निर्देशन दिनुभएको छ ।

बुधबार बिहान बालुवाटारमा भएको छलफलका क्रममा प्रधानमन्त्री दाहालले उक्त निर्देशन दिनुभएको प्रधानमन्त्रीको सचिवालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

प्रधानमन्त्रीले सहकारीलाई समाजवादको भ्रूण खडा गर्ने, सामूहिकता र तल्लो वर्गको हितमा केन्द्रित गर्नेगरी ऐनमा नै व्यवस्था हुनुपर्ने बताउँदै दीर्घकालीन र तत्कालीन उपाय अपनाएर सहकारीहरूलाई व्यवस्थित बनाउनुपर्ने बताउनुभयो ।

प्रधानमन्त्रीले सहकारीको समस्या समाधानका सम्बन्धमा तत्कालीन र दीर्घकालीन ढङ्गले आवश्यक गृहकार्य गर्न सरोकार मन्त्रालय र निकायलाई निर्देशन दिनुभएको सो विज्ञप्तिमा उल्लेख छ ।

उहाँले सहकारीको अनुगमनका लागि प्रभावकारी नियामक निकाय बनाउनुपर्ने विषयमा आफ्नो ध्यान गएको भन्दै सहकारीसम्बन्धी हाल कार्यरत नियामक संस्थाहरूलाई राम्रा, सङ्कटमा रहेका र डुबेका सहकारीहरूका रूपमा वर्गीकरण गरी प्रतिवेदन पेस गर्न निर्देशन दिनुभयो ।

उहाँले सहकारीमा बचतकर्ताले राखेको रकमको सुरक्षामा ध्यान दिन आग्रह गर्दै यसमा तीनवटै तहका सरकारको समन्वयमा प्रभावकारी कदम चाल्नुपर्ने औँल्याउनुभयो ।

सहकारीसम्बन्धी छलफलमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, नेपाल सरकारका मुख्य सचिव बैकुण्ठ अर्यालसहित सम्बन्धित मन्त्रालय, विभाग र निकायका अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।

# पन्ध्र दिनभित्र प्रहरी समायोजन प्रक्रिया टुङ्ग्याउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, ३ माघ (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रहरी समायोजनको प्रक्रिया चाँडै टुङ्गाउन निर्देशन दिनुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसहित सुरक्षा अधिकारीसँगको छलफलमा उहाँले उक्त निर्देशन दिनुभएको हो ।

प्रधानमन्त्री दाहालले नेपाल प्रहरी (प्रदेश प्रहरी कार्यसञ्चालन र समन्वय) ऐन, २०७६ जारी भएको लामो समय बित्दासमेत समायोजन अघि नबढेको भन्दै १५ दिनभित्र समायोजनको प्रक्रिया टुङ्गाउन निर्देशन दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

छलफलमा प्रधानमन्त्री दाहालले सङ्घीय कानुन नबन्दा र प्रहरी समायोजनको प्रक्रिया नटुङ्गिँदा प्रदेशलाई काम गर्न अप्ठचारो परेको भन्दै यसमा गम्भीर हुन निर्देशन दिनुभएको हो ।

“सङ्घीयता कार्यान्वयन जुन गतिमा हुनुपर्ने हो, त्यसो हुनसकेको छैन । त्यसको प्रत्यक्ष प्रभाव प्रदेशलाई परिरहेको छ । यसले गर्दा प्रदेशका मुख्यमन्त्री र प्रदेश सरकारका काम प्रभावित भएका छन्”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “यसलाई नै बहाना बनाएर सङ्घीयता विरोधीले सङ्घीयता र प्रदेश सरकारमाथि हमला गरिरहेका छन् । त्यसैले ऐनअनुसार समायोजनको काम १५ दिनभित्र टुङ्गाउनुस् ।”

छलफलमा उपप्रधानमन्त्री श्रेष्ठ, सङ्घीय मन्त्री, सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, गृहसचिव दिनेश भट्टराई, नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवर, गृह मन्त्रालयका अधिकारी उपस्थित हुनुहुन्थ्यो ।

# राष्ट्रियसभा निर्वाचनको सुरक्षा व्यवस्था मिलाउन आयोगको निर्देशन

काठमाडौँ, ३ माघ (रासस) ।

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सुरक्षा प्रबन्ध मिलाउन सरकारलाई निर्देशन दिएको छ । आयोगको बुधबार बसेको बैठकले गृह मन्त्रालयको समन्वयमा सुरक्षा निकायबाट आवश्यक सुरक्षा प्रबन्ध मिलाउन निर्देशन दिएको हो ।

निर्वाचन व्यवस्थापनलाई सुव्यवस्थित रूपमा अगाडि बढाउन मतदाता, उम्मेदवार, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचनमा खटिएका कर्मचारी, निर्वाचन सामग्री, मतदानस्थललगायत निर्वाचनमा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था मजबुद बनाउन निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीले जानकारी दिनुभयो ।

आयोगले प्रदेश राजधानी मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलालीमा रहेका प्रदेश निर्वाचन कार्यालयमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचनको कार्यमा खटिएका सम्पूर्ण जनशक्तिको सुरक्षा व्यवस्था मिलाउने निर्देशन दिएको छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनका मतदाता प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नगरपालिकाका प्रमुख तथा उपप्रमुख मतदान प्रयोजनका लागि आउने र जाने मार्ग तथा आवासीय क्षेत्रमा सुरक्षा व्यवस्था मिलाउनसमेत निर्देशन दिइएको आयोगले जनाएको छ ।

आयोगले मतदातालाई मतदान केन्द्र रहेका जिल्लाका होटल व्यवसायीसँग समन्वय गरी मतदाताकै निजी खर्चमा बसोबास, उम्मेदवार र मतदाता निर्वाचन कार्यक्रममा सहभागी हुँदा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर मात्र हिँडडुलको व्यवस्था तथा मतदान केन्द्र र मतगणनास्थलको सुरक्षा प्रबन्ध मिलाउन निर्देशन दिएको छ ।

आयोगले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन जिल्ला निर्वाचन सुरक्षा समितिलाई क्रियाशील तुल्याई निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी एवम् भरपर्दो बनाउन आग्रह गरेको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*